# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा)

धनगढी कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल।

प.स. -०८०/०८१ (प्र.शा.)
च.नं. ४८८२

मिति :- २०८०/११/०६

**श्री धनगढी उप-महानगरपालिका कार्यालय**
**महाशाखा,शाखा ,इकाईमा कार्यरत सबै कर्मचारी**
**श्री वडा कार्यालय सबै (१-१९)**
**श्री आयुर्बेद औषधालय सबै**
**श्री पशु सेवा केन्द्र सबै**
**श्री स्वास्थ्य चौकी सबै**
**श्री शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र सबै**
**श्री शहरी स्वास्थ्य केन्द्र सबै**
**श्री आधारभूत शहरी स्वास्थ्य सेवा केन्द्र सबै**
**धनगढी उप-महानगरपालिका।**

**बिषय :- प्रजातन्त्र दिवस,२०८० मनाउने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली, नेपालको प.सं.२०८०/०८१ च.नं.७९४ मिति २०८०/११/०४ गतेको राष्ट्रिय प्रजातन्त्र दिवस,२०८० मनाउने सम्बन्धको पत्रको छायाँ प्रति यसै पत्रसाथ संलग्न राखिएको छ। सोही अनुसार गर्न गराउन हुन जानकारी गराइन्छ।

.................
(नरेन्द्र बहादुर खाती)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**
**श्री सूचना तथा प्रबिधि शाखा**
**धनगढी उप-महानगरपालिका। :- जानकारीका लागि प्राप्त छायाँ प्रति सहितको सूचना upload गर्नु हुन।**

प्रमुख प्रशासकीय अधिकृत

टोल फ्रि नं. १६६०९१५६६८८
फोन नं. ०९१-५२६६८८
५२६९३४ (प्रशासन)
एक्सटेन्सन नं. ५२६६८८
फ्याक्स नं. ०९१-५२४८२८

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

धनगढी, कैलाली, नेपाल

प.सं. २०८०।०८१ | च.नं. ६ | मितिः- २०८०।११।०४

बिषयः राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० मनाउने सम्बन्धमा ।

श्री धनगढी उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली ।

प्रस्तुत विषयमा यही मिति २०८० फागुन ६, ७ र ८ गते तीन दिनसम्म **"७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस"** भव्यताका साथ मनाउन, सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा मिति २०८०।११।०४ गते बसेको राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० प्रदेशस्तरीय मूल समारोह समितिको बैठकको निर्णय प्रतिलिपि पाना ४(चार) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । उक्त निर्णयमा उल्लेख भएको **"७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस"** भव्य एवं सभ्यताका साथ मनाउन ताहाँ कार्यालयसँग सम्बन्धित उपसमितिको कामकाज सक्रियताका साथ सम्पन्न गर्नु हुन आदेशानुसार अनुरोध छ ।

..................
(दिपेन्द्र सिंह विष्ट)
शाखा अधिकृत

निर्णयहरु:

१. देहायका पदाधिकारी रहनु भएको प्रदेशस्तरीय मूल समारोह गठन गर्ने:

**प्रदेशस्तरीय राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समिति**

| | |
|---|---|
| (क) माननीय मुख्यमन्त्री | - संयोजक |
| (ख) प्रदेश सभाका माननीय सभामुख | - सदस्य |
| (ग) माननीय मन्त्रीहरू | - सदस्य |
| (घ) माननीय प्रदेश सभाका उपसभामुख, | - सदस्य |
| (ङ) माननीय प्रदेश सभाका सदस्यहरू | - सदस्य |
| (च) जि.स.स.का प्रमुखज्यू | - सदस्य |
| (छ) प्रदेश प्रमुख सचिव | - सदस्य |
| (ज) नेपाली सेनाका पृतना प्रमुख (उपरथी) | -सदस्य |
| (झ) धनगढी उपमहानगरपालिकाका प्रमुखज्यू | - सदस्य |
| (ञ) प्रदेश सचिवहरु | - सदस्य |
| (ट) प्रमुख जिल्ला अधिकारी, कैलाली | - सदस्य |
| (ठ) नेपाल प्रहरी, स.प्र.बल नेपाल, रा.अ.बि.का प्रदेश प्रमुखहरू | - सदस्य |
| (ड) क्याम्पस प्रमुख, कैलाली बहुमुखी क्याम्पस | - सदस्य |
| (ढ) अध्यक्ष, प्रदेश स्तरीय नेपाल पत्रकार महासंघ | - सदस्य |
| (ण) अध्यक्ष, प्रदेश उद्योग वाणिज्य महासंघ | - सदस्य |
| (त) अध्यक्ष, प्रदेश निर्माण व्यवसायी महासंघ | - सदस्य |
| (थ) अध्यक्ष, प्रदेश गै.स.स. महासंघ | - सदस्य |
| (द) आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव | - सदस्य सचिव |

२. आम जनसमुदायलाई ७४औं प्रजातन्त्र दिवसको उपलक्ष्यमा फागुन ७ गते विहान ७:०० बजे आयोजना हुने प्रभातफेरी कार्यक्रममा उपस्थित हुन आव्हान गर्ने निर्णय गरियो।

३. फागुन ६ गतेको कार्यक्रम:

- सबै मन्त्रालय, निकाय, सरकारी कार्यालय, उपहानगरपालिकाले आआफ्नो स्थानमा राष्ट्रिय झण्डा एवं व्यानर सजाई नगरको श्रृंगार र सरसफाई गर्ने ।
- सबै कार्यालय र आम नागरिकले घर घरमा सरसफाई र दिपावली गर्ने ।
- प्रजातन्त्र दिवसका विषयमा केन्द्रित रही प्रदेश पत्रकार महासंघको समन्वयमा विशेष परिसम्वाद, अन्तरिक्रया, छलफल तथा सन्देशमूलक कार्यक्रमहरुको प्रशारण तथा प्रकाशन गर्ने व्यवस्था मिलाउने।
- दृष्टि फाउण्डेसनमा रहेका अशक्त र अनाथहरुलाई सामाजिक सहयोग गर्ने ।

४. रक्तदान कार्यक्रमः

स्थानः रेडक्रस भवन

मितिः २०८० फागुन ६ गते

समयः विहान १० बजे

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी,कैलाली, नेपाल २०७४

५. फागुन ७ गतेको कार्यक्रमः

**प्रभातफेरी कार्यक्रम शुरु हुने स्थान र समयः धनगढी शहिदगेटबाट विहान ७.०० बजे**

- सहीदगेटमा सहीदहरू प्रति सम्मान कार्यक्रम,
- धनगढीस्थित संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी सार्वजनिक तथा संघ संस्थाका कर्मचारीहरु प्रभातफेरी गर्दै मूल समारोह स्थलमा उपस्थित हुने,
- **मूल समारोह स्थल आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्राङ्गण हुने,**
- विभिन्न झाँकी तथा नृत्य प्रर्दशनका लागि सामाजिक विकास मन्त्रालयले समन्वय गर्ने,
- सबै सुरक्षा निकायहरुबाट व्याण्ड सहित प्रभातफेरी कार्यक्रममा सहभागी हुने,
- साँझ दिपावली गर्ने ।

६. फागुन ८ गतेको कार्यक्रम

- साँझ दिपावली गर्ने ।

६. स्वीकृत कार्यक्रमहरु सञ्चालनमा सहयोग गर्ने देहाय बमोजिमका उपसमितिहरु गठन गरियो ।

(क) मञ्च व्यवस्थापन उपसमितिः

- प्रदेश सचिव, श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय - संयोजक
- प्रमुख जिल्ला अधिकारी कैलाली - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत ध.उ.म.न.पा - सदस्य
- नेपाली सेना (जिल्लास्थित) - सदस्य
- प्रमुख, जिल्ला प्रहरी कार्यालय कैलाली - सदस्य
- प्रमुख, सशस्त्र प्रहरी बल, नेपाल - सदस्य
- अध्यक्ष, कैलाली उद्योग बाणिज्य संघ - सदस्य
- उपसचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय - सदस्य सचिव

मञ्च व्यवस्थापन उपसमितिका कामहरुः

- ✓ मञ्च व्यवस्थापन गर्ने,
- ✓ सलामी टोली र व्याण्ड टोलीका लागि सुरक्षा निकायहरुसँग समन्वय गर्ने,
- ✓ प्लेकार्ड तथा झण्डाको व्यवस्थापन गर्ने,
- ✓ मूल समारोहको कार्यक्रम सञ्चालन गर्ने ।

(ख) प्रभातफेरि एवं झाँकी व्यवस्थापन उपसमितिः

| | |
|---|---|
| प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय | - संयोजक |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, कैलाली | - सदस्य |
| क्याम्पस प्रमुख, कैलाली बहुमुखी क्याम्पस, कैलाली | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, ध.उ.न.म.न.पा. | - सदस्य |
| प्रमुख नेपाली सेना, कैलाली | - सदस्य |
| प्रमुख जिल्ला प्रहरी कार्यालय, कैलाली | - सदस्य |
| प्रमुख, सशस्त्र प्रहरी बल, नेपाल | - सदस्य |
| प्रमुख, नेपाल स्काउट | - सदस्य |
| प्रमुख, रेडक्रस | - सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्याल कैलाली | - सदस्य सचिव |

प्रभातफेरी तथा झाँकीव्यवस्थापन उपसमितिका कामहरुः

- सबै जातजाति एवं भेषभुषा तथा कला सँस्कृति झल्कने झाँकीहरुको व्यवस्थापन गर्ने,
- क्याम्पसका प्राध्यापक तथा स्कुलका शिक्षक/शिक्षिका, खेलाडी एवं विद्यार्थीहरुलाई सहभागी गराउन संयोजन गर्ने,
- प्राथमिक उपचारको व्यवस्था मिलाउने,

(ग) प्रचार प्रसार उपसमितिः

| | |
|---|---|
| प्रदेश सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | - संयोजक |
| प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| अध्यक्ष, प्रदेश पत्रकार महासंघ | - सदस्य |
| प्रतिनिधीहरु, राष्ट्रिय एवं स्थानीय सञ्चार माध्यमहरु | - सदस्य |
| प्रतिनिधी, ध.उ.म.न.पा. | - सदस्य |
| शाखा अधिकृत, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | - सदस्य-सचिव |

प्रचार प्रसार उपसमितिको कामहरुः

- ब्यानर तयार गर्ने (ठूलो सानो दुवै),
- परिसम्वाद कार्यक्रमको समन्वय तथा संयोजन गर्ने,
- माइकिङ्ग, स्थानीय एफ.एम. रेडियो लगायतबाट प्रचार प्रसार गर्ने,

(घ) सामाजिक सहयोग कार्यक्रम उपसमितिः

| | |
|---|---|
| ➢ प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय | - संयोजक |
| ➢ सहायक प्रमुख जिल्ला अधिकारी, कैलाली | - सदस्य |

➢ अन्य सबै मन्त्रालयका प्रतिनिधिहरु - सदस्य

सामाजिक सहयोग कार्यक्रम उपसमितिका कामहरु:

- सामाजिक सहयोग कार्यक्रम सञ्चालन गर्ने,
- रक्तदान कार्यक्रम गर्ने।

८. फागुन ६, ७ र ८ गते सबै मन्त्रालय, निकाय, सरकारी कार्यालय, स्थानीय तहले आ-आफ्नो कार्यालय परिसरमा राष्ट्रिय झण्डा फहराउने एवं व्यानर सजाइ नगरको श्रृंगार र सरसफाइ गर्ने।

९. फागुन ६, ७ र ८ गते सबै मन्त्रालय, निकाय, सरकारी कार्यालय, स्थानीय तहले दिपावली गर्ने।

१०. स्थानीय तहलाई आफ्नो स्थानीय तहमा रहेको अनाथालयमार्फत् अनाथहरूलाई सहयोग गर्न निर्देशन गर्ने।

११. सामाजिक विकास मन्त्रालयले विद्यार्थीहरुबिच प्रजातन्त्र दिवसको उपलक्ष्यमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरी तीन जना उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कृत गर्ने।

१२. सुदूरपश्चिम प्रदेश प्रजातन्त्र दिवस मूल समारोह समितिबाट पारित कार्यक्रमहरु जनस्तरसम्म हर्षोल्लासपूर्वक सबै जिल्ला तथा स्थानीय तहहरुमा राष्ट्रिय दिवसको रुपमा मनाउने व्यवस्थाका लागि यस प्रदेशका सबै जिल्ला समन्वय समितिहरुलाई पत्राचार गर्ने ।

१३. <u>मूल समारोहको कार्यक्रम:</u>

२०८० साल फागुन ७ का दिन बिहान ८:०० बजे आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्राङ्गणमा प्रदेशस्तरीय राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० को मूल समारोहको कार्यक्रम देहाय बमोजिम हुनेछ:-

(क) राष्ट्रिय प्रजातन्त्र दिवस प्रदेश स्तरीय समारोह समितिका संयोजक एवं माननीय मुख्यमन्त्रीज्यूको आगमन तथा अध्यक्षता ग्रहण ।

(ख) माननीय प्रदेश प्रमुखज्यूको आगमन, सलामी तथा आशनग्रहण।

(ग) राष्ट्रिय गान ।

(घ) शहीदहरूको सम्झनामा १ मिनेट मौनधारण।

(ङ) प्रदेश सरकारका प्रमुख सचिवज्यूबाट स्वागत मन्तव्य।

(च) झाँकी प्रदर्शनी।

(छ) राष्ट्रिय प्रजातन्त्र दिवस प्रदेशस्तरीय मूल समारोह समितिका संयोजक एवं माननीय मुख्यमन्त्रीज्यूबाट मन्तव्य सहित समारोहको समापन ।

कमल बहादुर शाह
मुख्यमन्त्री